# देवचुली नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

प्रगतिनगर,नवलपरासी (बर्दघाट सुस्ता पूर्व)

गण्डकी प्रदेश, नेपाल

फोन नः ०७८-५७५०१०

ईमेलः devchulimunicipality@gmail.com


प.स. ०७९/८०

च.नं.

मितिः २०८०।०४।०७

### हाट बजार ठेक्का बन्दोबस्ती सम्बन्धी सूचना।

### दोस्रो सूचना प्रकाशित मिति २०८०/०४/०७

नेपालको संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम यस नगरपालिकाले आफ्नो क्षेत्राधिकार भित्र रहेका हाट बजार व्यवस्थापन गर्ने व्यवस्था अनुरुप वडा नं १६ मा रहेको रजहर हाट बजार आगामी आ.व २०८०/०८१ को लागि ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले इच्छुक नेपाली नागरिक , संस्था वा कम्पनीहरुले तपसिल बमोजिमको शर्तको अधिनमा रही यो सूचना प्रकाशन भएको मितिले ७ दिन भित्र गोप्य सिलबन्दी गरी आफ्नो बोलकबोल रकम यस कार्यालयमा पेश गर्न सम्बन्धित सबैमा यो सूचना प्रकाशित गरिएको छ।

**शर्तहरुः**

| आय ठेक्का नं | न्यूनतम कबोल अंक रु | अवधि | दरभाउपत्र दस्तुर रु | कैफियत |
|---|---|---|---|---|
| १।२०८०।८१ | १,००,०००। | आर्थिक वर्ष २०८०।८१ | १००० फिर्ता नहुने गरी। | |

१) ठेक्का अवधि सम्झौता अवधि भएको मितिले अर्थिक वर्ष २०८०।८१ सम्म रहनेछ।

२) ठेक्का अवधिको न्यूनतम अंक रु १,००,०००। (एक लाख मात्र) रहनेछ।

३) ठेक्काको दरभाउपत्र यस कार्यालयको शाजश्व शाखामा नगदै जम्मा गरी खरिद गर्न सकिनेछ। एउटा फर्म वा व्यक्तिको नामबाट खरिद गरेको दरभाउपत्र अर्को फर्म वा व्यक्तिको नामबाट पेश गर्न पाईने छैन।

४) ईच्छुक इजाजत प्राप्त फर्म वा संस्था दर्ताको प्रमाणित प्रतिलिपि, पछिल्लो आर्थिक वर्षको कर चुक्ताको प्रमाणपत्र र व्यक्तिको हकमा नेपाली नागरिकताको प्रमाणपत्र सहितको निवेदन यस कार्यालयमा पेश गर्नुपर्नेछ।

५) बोलपत्र दाखिला गर्दा खाममा बोलपत्रको नाम थर, ठेगना, फोन नं समेत खुलाई लाहाछाप लगाई सिलबन्दी गरी पेश गर्नुपर्नेछ।

६) ठेककाको दरभाउपत्र सूचना प्रकाशित भएको मितिले ७ दिन भित्र खरिद गरी ८ औं दिनको १ बजे सम्म यस कार्यालयमा दर्ता गर्न सकिनेछ। सोही दिनको २ बजे दरभाउ पत्र खोलिनेछ र बोलपत्रदाता उपस्थित नभए पनि बोलपत्र खोल्न बाधा पर्ने छैन यदि उक्त दिन सार्वजनिक बिदा परेमा सार्वजनिक विदा पश्चात कार्यालय खोलेको पहिलो दिन दरभाउ पत्र खोलिनेछ।

७) न्यूनतम ठेक्का अंक भन्दा घटी कवोल गरेको, म्याद नाघेको, रित नपुगेको कुनै शर्त राखि पेश भएको दरभाउपत्र उपर कुनै कारवाही हुने छैन।

२०८०।४।८

जीवलाल श्रेष्ठ

अधिकृतस्तर आठौं तह